१८ कात्तिक २०८२

# अन्तर पार्टी निर्देशन– १३

पार्टीको दोस्रो विधान महाधिवेशन ललितपुरको गोदावरीमा भदौ २०-२२ मा पार्टीको नीति र विधि सर्वसम्मत रूपमा पारित गर्दै ऐतिहासिक रूपमा सफल भएको थियो । उक्त निर्णय कार्यान्वयनमा लैजान नपाउँदै भदौ २३ गतेबाट जेन्जीका नाममा सुरू भएको नवयुवाहरूको प्रदर्शनमा स्वार्थी तत्वहरूको घुसपैठ र विध्वंसले मुलुक असामान्य अवस्थामा प्रवेश गर्‍यो । मुलुकमा उत्पन्न राजनीतिक संकटको समाधान संविधान र संसदीय प्रक्रियाबाट खोज्न सकिन्छ भन्ने प्रमुख राजनीतिक दलहरूको सुझावलाई लत्याउँदै संविधान बाहिरबाट नयाँ सरकार गठन गरियो र प्रतिनिधिसभा समेत विघटन गरियो । राजनीतिक दलहरूसँगको परामर्शबिनै राजनीतिक अन्योल, अनिश्चतता, र आतंकको परिवेशमा फागुन २१ मा आम चुनावको घोषणा गरिएको छ । आमचुनावको वातावरण त के सामान्य शान्ति सुरक्षा र अमनचैनको स्थिति समेत अत्यन्त नाजुक अवस्थामा छ । आकस्मिक रूपमा उत्पन्न संकट र त्यसले उत्पन्न गरेको विषम परिस्थितिका कारणले पार्टी जीवनमा समेत एकहदसम्म असहज स्थिति सिर्जना हुनुपुग्यो ।

यस्तै असहज राष्ट्रिय राजनीतिक परिस्थिति र पार्टीसामू उत्पन्न चुनौतीलाई सामना गर्दै विद्यमान राजनीतिक संकट समाधान गर्न आवश्यक दृष्टिकोण निर्माण गर्न र तदनुरूप निर्णय लिन पार्टी केन्द्रीय कमिटीको १०औं बैठक पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीको अध्यक्षतामा गतः असोज २९-३१ मा ललितपुरको रामबाग पार्टी प्यालेसमा सम्पन्न भएको छ । यसबीचमा केन्द्रीय सचिवालयका ५ वटा बैठक समेत आयोजना गरिएका छन् । पार्टी नीति र कार्ययोजना निर्माण गर्न केन्द्रीय सचिवालय र केन्द्रीय कमिटीका बैठकहरूमा खुलाखुलस्त छलफल भएका छन् । भदौ २३ र २४ मा घटेका असामान्य घटना र पार्टीको एघारौँ महाधिवेशनको तयारीका सन्दर्भमा ती बैठकबाट भएका महत्वपूर्ण निर्णयहरू जानकारी तथा कार्यान्वयनका लागि यो अन्तरपार्टी निर्देशन-१३ जारी गरिएको छ ।

**क) भदौ २३ र २४ गतेको घटनाका सन्दर्भमाः**

भदौ २३ र २४ गतेको घटनाका सन्दर्भमा केन्द्रीय सचिवालयका तर्फबाट प्रारम्भिक विश्लेषणसहितको पार्टी दृष्टिकोण भदौ २६ गते नै सार्वजनिक गरिएको थियो । प्रधानमन्त्रीको राजीनामापछि हाम्रो पार्टीले आन्दोलनकारीको मागलाई समेत सम्बोधन गर्ने गरी प्रतिनिधिसभाको बैठकबाट समस्याको समाधान खोज्न सकिन्छ भन्ने दृष्टिकोणसहित सम्माननीय राष्ट्रपतिज्यूलाई सुझाव दिएको थियो । तर राजनीतिक दलहरूको सुझाव विपरीत संविधानको दायराभन्दा बाहिरबाट सरकार गठन गर्ने र प्रतिनिधिसभा विघटन गर्ने काम भयो । यस्तो अवस्थामा पार्टीको दृष्टिकोणमा एकरूपता कायम गर्नका लागि केन्द्रीय सचिवालय



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

र केन्द्रीय कमिटीको बैठकमा सघन छलफल आवश्यक थियो । यसै विषयमा केन्द्रित रहेर केन्द्रीय सचिवालयका ४ वटा बैठक बसेका छन् । असोज २९-३० मा ललितपुरको रामबाग पार्टी प्यालेसमा तीन दिनसम्म बसेको केन्द्रीय कमिटीको दसौं बैठकमा पार्टी अध्यक्ष कमरेडले मुलुकको राजनीतिक परिस्थिति र हाम्रो नीति नामका विशेष प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तावउपर ३ सय २८ जना कमरेडहरूले खुलाखुलस्त रूपमा आआफ्ना कुरा राख्नुभएको थियो । बैठकले पार्टी अध्यक्षद्वारा प्रस्तुत विशेष प्रस्तावलाई परिमार्जनसहित पारित गरेको छ । पारित विशेष प्रस्तावका मुख्य विषयहरू निम्नानुसार रहेका छन्ः

**१. भदौ २३ गते आयोजित 'जेन्जी' प्रदर्शन**

सामाजिक सञ्जालको निर्वाध सञ्चालन, भ्रष्टाचार नियन्त्रण र सुशासनलगायत 'जेन्जी' युवाहरूले राख्नुभएका मागमा कसैको विमति थिएन । यी हामीले प्रयास गर्दै आएका कुरा हुन् र सामाजिक सञ्जाल बन्द गर्न होइन, नियमन गर्न मात्र खोजिएको थियो । संविधानले दिएको शान्तिपूर्ण भेला र सभा गर्ने अधिकार प्रयोग गर्दै आफूहरूको प्रदर्शन शान्तिपूर्ण, मर्यादित र प्रचलित कानुनको दायराभित्र रहेर आयोजना हुन्छ भन्ने बचनबद्धतासहित 'जेन्जी' युवाहरूद्वारा आयोजना गरिएको कार्यक्रमप्रति कसैको अन्यथा धारणा हुन सक्दैन । तर आयोजकहरूले शान्तिपूर्ण रूपमा आयोजना गरेको कार्यक्रममा घुसपैठ गरेर ठूलो संख्यामा युवा विद्यार्थीहरूको जसरी हत्या भयो, हामी त्यस घटनाप्रति गहिरो दुःख व्यक्त गर्दछौँ । भदौ २३ गते गोली लागेर ज्यान गुमाउनुहुने युवाहरू र भदौ २४ गते अराजक भीडको हिंस्रक आक्रमणमा परेर ज्यान गुमाउनुहुने सुरक्षाकर्मी एवं नागरिकहरूहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ । घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौँ ।

**२. संसद भवनमाथि आक्रमण, गोली प्रहार र हत्या**

भदौ २३ गते माइतीघर मण्डलाबाट नयाँ बानेश्वर पुगेको शान्तिपूर्ण आन्दोलनमा विभिन्न अपरिचित, शङ्कास्पद र हिंस्रक समूहहरू घुसपैठ गरेर निषेधित क्षेत्र तोड्न, 'जेन्जी' युवाहरूलाई घेरेर संसद भवन घेर्न, पर्खाल भत्काउन, भित्र पस्न र मुठभेडको स्थिति सिर्जना गरिएको स्थानमा पुऱ्याइएको र त्यसो गर्न भड्काइएको यथार्थ विभिन्न तथ्यहरूमार्फत् बाहिर आइसकेको छ । त्यस्तो स्थिति कसरी सिर्जना भयो ? सम्भाव्य घुसपैठको आङ्कलन गरेर आवश्यक सुरक्षा सतर्कता किन अपनाइएन र किन गोली चल्ने परिस्थिति निर्माण भयो ? यो सुरक्षा त्रुटी मात्रै थियो कि त्यसमा अरू स्वार्थहरू पनि अन्तरनिहीत थिए ? त्यति ठूलो संख्यामा विद्यार्थी र युवाहरूको हत्या किन र कसरी भयो ? यस घटनाको यथार्थ छानवीन गर्नु र दोषीलाई कानुनबमोजिम दण्डित गर्नु जरूरी छ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**३. भदौ २४ को त्रासदीपूर्ण घटना**

भदौ २४ गते देशव्यापी रूपमा जुन स्वरूपको तोडफोड, आगजनी र लुटपाटको आतङ्क सिर्जना भयो, त्यो कुनै स्वतःस्फूर्त, अघिल्लो दिनको घटनाको आक्रोशको परिणाम या सामान्य घटना थिएन । यो त लामो तयारी सहितको, सुनियोजित र राष्ट्र, जनता, लोकतन्त्र र संविधान विरूद्धको भयानक षड्यन्त्र र आक्रमण थियो । वास्तवमा यो घटना विभिन्न शक्ति राष्ट्रहरूले शीतयुद्धपछि विभिन्न मुलुकमा गर्दै आएको तथाकथित 'कलर रिभोल्युसन' कै अभ्यासको निरन्तरता थियो । यसको उद्देश्य सरकार परिवर्तन गर्ने मात्र थिएन, मुलुकको राष्ट्रियता, लोकतन्त्र र संविधानलाई नै समाप्त पारेर मुलुकलाई भूराजनीतिक भुँवरीमा फँसाउने, मुलुकको अर्थतन्त्रको मेरूदण्ड भाँच्ने र देशलाई अस्थिरता एवं अराजकतातिर धकेल्ने थियो ।

**४. वर्तमान सरकारका सम्बन्धमा**

असामान्य परिस्थितिका बीचमा थप क्षति हुन नदिन प्रधानमन्त्रीले राजीनामा दिइसकेपछिको अन्योलपूर्ण अवस्थालाई निकास दिन हामीले संविधानसम्मत् विकल्पहरू प्रस्तुत गरेका थियौँ । असहज परिस्थितिका बीचमा गैरसांसद व्यक्तिलाई प्रधानमन्त्री बनाउनुपर्ने भएमा पनि त्यसलाई संसदमार्फत् संविधान संशोधन गरेर संवैधानिक प्रक्रियामार्फत् अगाडि बढाउने प्रस्ताव गरेका थियौँ । त्यसका लागि संसदमा प्रतिनिधित्व गर्ने मुख्य राजनीतिक दलहरू बिच सहमति निर्माण गर्ने र कुनै पनि अर्थमा प्रतिनिधिसभा विघटन गर्न नहुने हाम्रो स्पष्ट र दृढ अडान थियो । सोहीअनुरूप संविधानसम्मत् निकासका लागि काम चलाउ सरकारको प्रधानमन्त्रीको हैसियतले मैले सिफारिस गरेका थिएँ । तर त्यो सुझावविपरीत संविधान बाहिरबाट सरकार गठन गरिएको छ । तसर्थ यो सरकार असंवैधानिक छ ।

**५. प्रतिनिधिसभा विघटन**

प्रतिनिधिसभा विघटन असंवैधानिक र अलोकतान्त्रिक छ । यसले मुलुकलाई निर्वाचित जनप्रतिनिधि निकायविहीन अवस्थामा पुऱ्याएको छ र राजनीतिक रिक्तताको स्थिति सिर्जना गरेको छ । यसले जनतामा निहीत सार्वभौमसत्तालाई कमजोर बनाएको छ र लोकतन्त्रविरोधी शक्तिहरूलाई उत्साहित तुल्याएको छ । हाम्रो पार्टी असंवैधानिक र अलोकतान्त्रिक ढङ्गले गरिएको प्रतिनिधिसभा विघटनप्रति आपत्ति व्यक्त गर्दछ र विघटित प्रतिनिधिसभा तत्काल पुनर्स्थापना हुनुपर्दछ भन्ने कुरामा जोड दिन चाहन्छ ।

**६. छानवीन आयोग सम्बन्धमा**

भदौ २३ र २४ गतेको घटनाका सम्बन्धमा स्वतन्त्र र निष्पक्ष छानबिन हुनुपर्दछ । दोषी पहिचान गर्नुपर्दछ र उनीहरूमाथि कडा कानुनी कारबाही हुनुपर्दछ । राष्ट्रमाथि भएको यति ठूलो षड्यन्त्रको छानवीन गर्ने



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

दायित्व स्वतन्त्र, निष्पक्ष र न्यायिक मन भएका व्यक्तिहरूबाट मात्रै सम्भव छ । तर यति ठूलो छानवीनको नेतृत्व गर्ने जिम्मेवारी त्यस्ता व्यक्तिलाई सुम्पिएको छ, जो राजनीतिक दल, नेतृत्व र प्रक्रियाप्रति एकदमै पूर्वाग्रह र दूषित धारणा राख्दछन् । जसले यसअघि नै तत्कालीन प्रधानमन्त्रीलगायत राजनीतिक नेतृत्वहरूप्रति आफ्नो फैसला सुनाइसकेका छन् । जसले आफ्ना मनोगत धारणाहरू सार्वजनिक गरिनैसकेका छन् । भदौ २३ को दुःखद् घटनामा तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीहरूलाई बिना छानवीन जबर्जस्ती र नियोजितरूपमा मुछ्न खोज्ने तर भदौ २४ को राष्ट्रविरोधी जघन्य अपराधको कसुरमा प्रहरीले सप्रमाण गिरफ्तार गरेका व्यक्तिहरूलाई छाड्न सरकारलाई सघाउने काम गरिरहेका छन् । यस्ता व्यक्तिको नेतृत्वमा गठित आयोगले स्वतन्त्र छानवीन गर्न सक्तैन । यस्तो आयोगबाट निष्पक्षताको अपेक्षा गर्न सकिन्न । नेकपा (एमाले) यस आयोगलाई अस्वीकार गर्दछ र सर्वोच्च अदालतका पूर्व न्यायाधीशको अध्यक्षतामा स्वतन्त्र एवम् निष्पक्ष आयोग गठन हुनुपर्दछ भन्ने मान्यता राख्दछ ।

### ७. दुष्प्रचार र नियोजित षड्यन्त्रका सम्बन्धमा

गोली चलाउने आदेश कानूनतः अधिकार प्राप्त संस्था वा अधिकारीले मात्र दिन सक्तछ र प्रधानमन्त्री त्यस्तो अधिकारी होइन भन्ने स्पष्ट छ । भदौ २३ गतेको गोलीकाण्डको बारेमा प्रधानमन्त्रीलाई घटना घटेपछि थाहा भएको हो । दंगा नियन्त्रणका अन्य वैकल्पिक उपाय अवलम्बन नै नगरी किन त्यति ठूलो मात्रामा गोली चल्यो ? एकसाथ किन करीब दुई दर्जन युवाहरूको हत्या भयो ? किन सयौंको संख्यामा घाइते बनाइयो ? २४ गतेको विध्वंशको तयारीका लागि वा केका लागि ? २३ र २४ गतेका घटनाहरूको अन्तरसम्बन्धको विश्लेषण गर्नैपर्छ । भदौ २३ गतेको घटनापछि बसेको मन्त्रिपरिषद्को बैठकले उक्त घटनाका सम्बन्धमा दुःख व्यक्त गरेको छ । घाइतेहरूको निःशुल्क उपचारका निम्ति निर्णय गरेको छ । मृतक र घाइतेका परिवारलाई राहत र क्षतिपूर्ति दिने निर्णय गरेको छ । घटनाको सत्यतथ्य छानवीन गर्न पूर्व न्यायाधीशको नेतृत्वमा छानबिन आयोग बनाउने र त्यस आयोगको सिफारिसमा दोषीउपर कानुनबमोजिम कारबाही गर्ने निर्णय गरेको छ । यथार्थ यस्तो हुँदाहुँदै पनि तत्कालीन प्रधानमन्त्रीविरूद्ध नियोजितरूपमा चलाइएका निराधार र आपराधिक प्रचारलाई नेकपा (एमाले) कडा प्रतिवाद र खारेज गर्दछ ।

### ८. निर्वाचन सम्बन्धमा

यस सरकारलाई २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने कार्यादेश छ । तर सरकार चुनाव गराउने बाटोमा अग्रसर छैन । सरकारले चुनावको वातावरण बनाउनका लागि गर्नुपर्ने न्यूनतम काम पनि गरिरहेको छैन । सरकार उल्टोबाटो हिँडिरहेको छ । राजनीतिक दलहरूसँग सम्बाद गर्नुको साटो उनीहरूलाई निषेध गर्ने काम गरिरहेको छ । सरकारको आडमा बसेर पुराना राजनीतिक दलहरूलाई



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

बाहिर निस्कनै नदिने, चुनावमा भागै लिन नदिने, मुद्दा लगाइदिने, जिते पनि परिणाम खारेज गर्नेजस्ता उत्तेजक र निषेधकारी धम्की दिने विभिन्न विवादास्पद पात्रहरूलाई संरक्षण र दुरूत्साहन गरिरहेको छ । राजनीतिक पार्टीका नेताहरूको राहदानी रोक्का गर्ने, उनीहरूलाई स्थान हद गर्ने, सभा, जुलुस, ऱ्यालीजस्ता कार्यक्रमहरूलाई नियन्त्रण गर्ने र अभिव्यक्ति स्वतन्त्रतामा रोक लगाउने सरकारको गतिविधि निर्वाचनको वातावरण बनाउनेतिर उन्मुख छैनन्, निषेध र भीडन्ततिर उन्मुख छन् । यस सरकारले चुनाव भन्छ तर चुनावको वातारवरण बनाउँदैन, चुनाव हुन दिँदैन भन्ने स्पष्ट छ ।

### ९. जोखिमपूर्ण बन्दै गएको शान्ति सुरक्षाको स्थिति

राज्यका सुरक्षा निकायबाट खोसिएका १२ सयभन्दा बढी हतियारहरू र झण्डै एकलाख गोलीगट्ठा अझै पनि अपराधीहरूसँग छन् । फरार कैदीहरूमध्ये साढे ५ हजारभन्दा बढी अझै बाहिरै छन् र तिनीहरूले पुनः विभिन्न अपराध गर्दै समाजमा भय र सन्त्रासको अवस्था सिर्जना गरिरहेका छन् । मारिएका र घाइते साथीहरू, लुटिएका हतियार, ध्वस्त संरचनाका कारण प्रहरीको मनोबल टुटेको छ । बर्बर हत्या एवम् आक्रमणका घटनाहरू बढिरहेका छन् । सरकार शान्ति सुरक्षा कायम गर्न असमर्थ छ । सरकार निकटका मान्छेहरूले राज्य आतंकका लागि दुरूत्साहन गरिरहँदा पनि सरकारको मौनताले गम्भीर प्रश्न खडा गरेको छ । अनधिकृत समूह र व्यक्तिहरूबाट प्रशासनमा हस्तक्षेप गर्ने, विभिन्न विकास आयोजनामा निःशुल्क सेयर माग्ने र प्रशासकहरूलाई आतंकित बनाउने काम भइरहेको छ । तर सरकार देख्यानदेख्यै गरेर बसेको छ । सरकारको यस नालायकी र गैरजिम्मेवार व्यवहारप्रति हामी खेद व्यक्त गर्दछौं । नागरिकले आफ्नो ज्यूधनको सुरक्षा आफै गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यस अवस्थामा नागरिकहरूले आफ्नो सुरक्षाका लागि आफै अग्रसर हुन, टोल-टोलमा सुरक्षा समिति गठन गर्न, टोलको गस्ती गर्न र सुरक्षाकर्मीहरूलाई ध्वस्त सुरक्षा कार्यालय पुनर्स्थापनालगायत काममा सहयोग गर्दै मनोबल उठाउन आग्रह गर्दछौं ।

### १०. भ्रष्टाचार नियन्त्रण र सुशासन

भ्रष्टाचार नियन्त्रण हुनुपर्छ र सुशासन कायम हुनुपर्छ भन्ने नवयुवाहरूको सरोकारप्रति नेकपा (एमाले) सदैव सकारात्मक छ । यस सम्बन्धमा विभिन्न महत्वपूर्ण कामहरू हुँदाहुँदै पनि, विभिन्न कानुन र संरचना निर्माण र विभिन्न काण्डहरूमा सङ्लग्नहरूमाथि कारबाही हुँदाहुँदै पनि भ्रष्टाचार अपेक्षित मात्रामा नियन्त्रण हुन नसकेको यथार्थ हो । तर भ्रष्टाचार नियन्त्रण स्थापित विधि, संरचना र प्रक्रियाका माध्यमबाट मात्रै हुन सक्दछ भन्ने स्पष्ट छ । राजनीतिक प्रतिशोधको रूपमा या मनोगत आग्रहका आधारमा चालिने कुनै कदमले भ्रष्टाचार नियन्त्रणमा सघाउन सक्दैन भन्ने स्पष्ट छ । नेकपा (एमाले) भ्रष्टाचारको अनुसन्धान, अभियोजन र कारबाहीका लागि गठित संस्थाहरूलाई थप सुदृढ गर्दै भ्रष्टाचार

नियन्त्रण गर्न, समाजमा आमजागरण ल्याउन र सुशासनको पक्षमा अग्रणी भूमिका खेल्न आफ्नो प्रतिबद्धता पुनः स्पष्ट पार्न चाहन्छ ।

### ११. **नवयुवा पुस्ताको सरोकार**

नेकपा (एमाले) मुलुकको विकास र समृद्धिका लागि नवयुवाहरूसँग अझ सार्थक संवाद गर्न, उहाँहरूका सरोकारलाई ग्रहण गर्न र सहकार्यका साथ अगाडि बढ्न सदैव तत्पर छ । तदनुरूप नै हामीले पार्टीका संरचनाहरूमा युवाहरूको सहभागिता अभिवृद्धि गर्न चालेका कदमहरू पुनः स्मरण गराउन चाहन्छौँ । सरकारमा रहँदा उद्यमशीलता, शीप विकास, उत्पादन र बजार शृङ्खलाको 'इकोसिस्टम' निर्माण गर्न, स्टार्ट अप लगायतका विभिन्न कदम चालिएको कुरा स्मरण गर्न चाहन्छौँ । एआईलगायत विभिन्न नवप्रविधिको विकासमार्फत् नवप्रवर्तनलाई सरकारको उच्च प्राथमिकतामा राखेको कुरा पनि स्मरण गराउन चाहन्छौँ । डिजिटल नेपालको अवधारणा सुरू गरेर हाल हामी डिजिटल नेपाल फ्रेमवर्क २.० मा आइपुगेका छौं । एआई नीति निर्माण गर्नेजस्ता अनेकौं अग्रगामी कदमहरू चालेका छौं । युवाहरूको भविष्य लोकतन्त्र, संवैधानिक प्रणाली, शान्ति र राजनीतिक स्थायित्वमा मात्रै सुनिश्चित छ । त्यसैले नवयुवाहरूलाई आफूलाई कुनै पनि हिंसा र विध्वंशबाट अलग राख्न, आफ्नो सदाशयता र शान्तिपूर्ण आन्दोलनको दोहन गरेर स्वार्थको रोटी सेक्ने र देशलाई दहन गरेर खरानीको व्यापार गर्न चाहने जनविरोधी एवं राष्ट्रविरोधी तत्वहरूलाई पहिचान गर्न र तिनीहरूलाई कानुनी कारबाहीमा ल्याउन एवं राजनीतिक दलहरूसँग सार्थक संवादमा आउन आह्वान गर्दछौँ ।

### १२. **लोकतान्त्रिक शक्तिहरूलाई आह्वान**

राष्ट्रियता, लोकतन्त्र र संविधानका पक्षधर सबै राजनीतिक दल, सबै देशभक्तहरू र नागरिकहरूलाई राष्ट्रियता, लोकतन्त्र र संविधानको रक्षा एवं शान्तिको पुनर्वहालीको लागि एकताबद्ध भएर अगाडि बढ्न आह्वान गर्दछौँ ।

### १३. **पार्टीमा सुदृढ एकता**

केन्द्रीय सचिवालयको ५८औं बैठकले गम्भीर, खुलाखुलस्त र व्यापक छलफलपश्चात् केही महत्वपूर्ण निष्कर्षहरू निकालेको छ । केन्द्रीय सचिवालयको बैठकले मुलुकको असहज परिस्थितिमा पार्टीको एकतालाई थप सुदृढ र उच्च बनाएको छ । अब उप्रान्त पार्टी अनुशासनलाई कडाइका साथ पालना गर्न/गराउन पार्टी दृढ छ । पार्टी अनुशासन तोडेमा, अनैतिक अराजक र भ्रष्टाचारजन्य क्रियाकलाप गरेमा पार्टीको केन्द्रीय संगठन विभागले तत्काल आवश्यक कारबाही गरी केन्द्रीय सचिवालयमा जानकारी गराउने व्यवस्था यस केन्द्रीय कमिटीको बैठकबाट गरिनेछ । केन्द्रीय कमिटीका सदस्य कमरेडहरू सहित



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

सिंगो पार्टीपंक्तिलाई एकताको यस भावनालाई आत्मसात् गर्न र अझ सुदृढ गर्ने काममा योगदान गर्न आह्वान गर्दछु ।

**१४. देशलाई संविधान र लोकतन्त्रको मार्गमा फर्काउन आन्दोलन**

सरकारको संरक्षणमा भइरहेका ज्यादती र उल्टो गतिका विरूद्ध एवं विघटित संसदको पुनर्स्थापना गर्दै देशलाई संविधान र लोकतन्त्रको मार्गमा फर्काउन जनआन्दोलनको विकल्प नरहेको हाम्रो पार्टीको निष्कर्ष पनि हामी प्रष्ट पार्न चाहन्छौं । तसर्थ जनपरिचालन र जनआन्दोलनका विभिन्न कार्यक्रमहरू तय गर्दै अघि बढ्न सिङ्गो पार्टीपंक्ति, संविधान र लोकतन्त्रका पक्षधर राजनीतिक दलहरू र आमनागरिकलाई आह्वान गर्दछौं ।

**ख) दोस्रो विधान महाधिवेशनका दस्तावेजहरूको प्रकाशनका सन्दर्भमाः**

ललितपुरको गोदावरीमा भदौ २०-२२ मा पार्टीको दोस्रो विधान महाधिवेशन ऐतिहासिक रूपमा सफलतापूर्वक सम्पन्न भएको छ । विधान महाधिवेशनमा पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीले राजनीतिक प्रस्ताव, उपाध्यक्ष कमरेड विष्णुप्रसाद पौडेलले विधान संशोधन प्रस्ताव र महासचिव कमरेड शंकर पोखरेलले संगठनात्मक प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । महाधिवेशनमा केन्द्रीय अनुशासन आयोगका अध्यक्ष कमरेड केशव वडाल, लेखा आयोगका अध्यक्ष कमरेड पुष्प कँडेल र निर्वाचन आयोगका अध्यक्ष कमरेड विजय सुब्बाले आआफ्नो आयोगका प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष कमरेड अमृतकुमार बोहराले सल्लाहकार परिषद्को प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । विधान महाधिवेशनसमक्ष उपरोक्त प्रस्ताव र प्रतिवेदन प्रस्तुतिपश्चात् महाधिवेशनमा सहभागी प्रतिनिधिहरूलाई १० समुहमा विभक्त गरी सघन छलफल गरिएको थियो । १० वटै समुहका टोली नेताको तर्फबाट लिखित सुझाव प्रस्तुत गरिएको थियो । समुह प्रस्तुतिपश्चात् राजनीतिक, संगठनात्मक र विधान संशोधन प्रस्तावका बारेमा प्राप्त भएका सुझावहरूका विषयमा प्रस्तोता कमरेडहरूले स्पष्ट गर्नुभएको थियो । तत्पश्चात् महाधिवेशनको अध्यक्षता गरिरहनुभएका अध्यक्ष कमरेडले प्रस्तुत प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुभएको थियो । विधान महाधिवेशनमा प्रस्तुत सबै दस्तावेजहरू सर्वसम्मत रूपमा पारित गरिएको थियो । महाधिवेशनसमक्ष अध्यक्षले कसैको असहमति भए असहमति प्रकट गर्नका लागि अनुरोध समेत गर्नुभएको थियो । कसैले असहमति प्रकट नगरेपछि सिंगो हल नै उत्साहले गुञ्जायमान भएको थियो । दोस्रो विधान महाधिवेशन ऐतिहासिक र अभूतपूर्व रूपमा सफल भएर कार्यथलोमा कमरेडहरू फर्कन नपाउँदै मुलुकको राजनीति असहज र असामान्य बन्न पुग्यो । थप क्षति हुन नदिन प्रधानमन्त्रीले राजीनामा दिइसकेपछि स्थितिलाई थप ध्वंसात्मक बनाउने काम भयो । राष्ट्रको सामर्थ्य र अस्मितामाथि नै प्रहार गर्ने काम भयो । लोकतन्त्रको आधारमाथि नै नियोजितरूपमा प्रहार गरियो । सुरक्षा निकायको भूमिकालाई निष्कृय बनाएर राज्यविहीनताको स्थिति सिर्जना गरियो । यस्तो विषम् परिस्थितिमा विधान महाधिवेशनका निर्णयहरूलाई सम्पादन र प्रकाशित गर्ने कुरा सम्भव भएन । परिस्थितिमा केही सहजता



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

भएसँगै बसेको केन्द्रीय सचिवालयको ५९औं बैठकले दोस्रो विधान महाधिवेशनका दस्तावेजहरूमा आवश्यक सम्पादन गरी यही कार्तिक महिनाभित्र प्रकाशन गर्नेगरी सम्पादनको जिम्मेवारी निम्नानुसारका कमरेडहरूलाई प्रदान गरेको छः

क) **राजनीतिक प्रस्ताव** : उपमहासचिव प्रदीप ज्ञवाली

ख) **संगठनात्मक प्रस्ताव** : महासचिव शंकर पोखरेल

ग) **विधान संशोधन प्रस्ताव** : उपाध्यक्ष विष्णुप्रसाद पौडेल

**ग) पार्टीको एघारौं राष्ट्रिय महाधिवेशनका सन्दर्भमाः**

केन्द्रीय कमिटीको दशौं बैठकले पार्टीको एघारौँ राष्ट्रिय महाधिवेशन मङ्सिर २७-२९ मा पोखरामा गर्ने निर्णय गरेको थियो । केन्द्रीय सचिवालयको ५९औं बैठकले मुलुकको विषम् राजनीतिक परिस्थितिलाई ध्यानमा राखेर व्यापक जनपरिचालनको योजनासहित काठमाडौँमा गर्ने निर्णय गरेको छ । बैठकले महाधिवेशनमा प्रतिनिधित्वका सन्दर्भमा निम्नानुसारको व्यवस्था गरेको छः

**केन्द्रीय निकायका प्रतिनिधिः**

- केन्द्रीय कमिटी : ३५५ जना
- केन्द्रीय अनुशासन आयोग : २९
- केन्द्रीय लेखा आयोग : ३०
- केन्द्रीय निर्वाचन आयोग : २५
- केन्द्रीय सल्लाहकार परिषद्बाट निर्वाचित हुने : २५

(**स्पष्टीकरणः** पदाधिकारीसहित सदस्यहरू मध्येबाट निर्वाचित २५ जना प्रतिनिधि हुने ।)

**२) निर्वाचित प्रतिनिधिः**

- स्वदेशका प्रदेशस्तरीय (विशेषसमेत) कमिटीमा कार्यरत पार्टी सदस्यहरूबाट कम्तिमा दुईजना महिला सदस्यसहित पाँचजनाका दरले निर्वाचित हुने प्रतिनिधिः ४५ जना ।
- प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा कार्यरत पार्टी सदस्यहरू मध्येबाट निर्वाचित हुनेः
    - १२०० सम्म पार्टी सदस्य बराबर ४० वर्षमुनिका एक युवा र कम्तिमा एकजना महिलासहित ४ जना प्रतिनिधि ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- न्यूनतम् १२०० पार्टी सदस्यमा थप ८०० सदस्य नाघेमा थप एकजना महिला प्रतिनिधि र त्यसपछि प्रत्येक थप ८/८ सय नाघेमा थप निर्वाचित खुला प्रतिनिधि । सोभन्दा बढी भएमा सोही अनुपातमा पहिलो ८०० मा महिला र अन्यमा खुल्ला निर्वाचित प्रतिनिधि । **यसअन्तर्गत निर्वाचित कूल प्रतिनिधि संख्या– करिब ११३५ जना ।**

  - स्वदेशका विशेष जिल्लाअन्तर्गत कार्यरत १२०० जनासम्म पार्टी सदस्य बराबर कम्तिमा एक महिलासहित तीनजना निर्वाचित प्रतिनिधि (सदस्य संख्या ८०० नाघेमा प्रत्येक ८०० मा थप एक, यस्तो संख्यामा एकतिहाई महिला सुनिश्चित गर्ने) । **विशेष जिल्लाअन्तर्गत निर्वाचित प्रतिनिधि संख्याः करिब ४७ जना ।**

  - **दलित प्रतिनिधिः** भूगोलका जिल्ला अन्तरगत कार्यरत ५०० सम्म दलित पार्टी सदस्यबाट कम्तिमा एकजनाका दरले निर्वाचित हुने प्रतिनिधि, सदस्य संख्या ५०० नाघेमा प्रत्येक थपमा अर्को एकजना र सोभन्दा बढी भएमा सोही अनुपातमा (तीनजना प्रतिनिधि निर्वाचित हुँदा कम्तिमा एकजना महिला अनिवार्य हुनेगरी) निर्वाचित हुने प्रतिनिधि । **दलित प्रतिनिधि संख्याः करिव ८१ जना ।**

  - **मजदुर प्रतिनिधिः** भूगोलका ७ प्रदेशअन्तर्गत कार्यरत श्रमिक पार्टी सदस्यहरूबाट कम्तिमा तीन महिलासहित सातजनाका दरले निर्वाचित हुने **प्रतिनिधिः** ४९ **जना ।**

  - **प्रवासः** भारत प्रवास विशेष निर्वाचन क्षेत्रबाट कम्तिमा ३ महिला सहित १० र बाँकी रहेका प्रवासका ५ वटा बिशेष निर्वाचन क्षेत्र (अमेरिका/क्यानडा, युरोप, एशिया–प्यासिफिक, खाडी र ओसिनिया)बाट प्रत्येक क्षेत्रमा दुई महिला सहित पाँच जनाका दरले निर्वाचित हुने **प्रतिनिधिहरूः** ३५ **जना ।**

  - **केन्द्रीय विभागः** केन्द्रीय विभागमा कार्यरत पार्टी सदस्यहरू मध्ये प्रत्येक विभागबाट एक/एक जना निर्वाचित **प्रतिनिधिः** ३२ **जना ।**

  - **केन्द्रीय कार्यालयः** केन्द्रीय कार्यालयमा कार्यरत सदस्यहरू मध्येबाट निर्वाचित **प्रतिनिधिः** १ **जना ।**

  - **जनसंगठनः** पार्टीद्वारा जनसंगठनको मान्यताप्राप्त २३ जनसंगठनमध्ये अनुसूचि (क) का जनसंगठन र महासंघका केन्द्रीय कमिटीमा कार्यरत पार्टी सदस्यहरूमध्ये बाट कम्तिमा ३ महिला सहित सात जनाका दरले निर्वाचित हुने प्रतिनिधिहरू र अनुसूचि (ख) अन्तरगतका जनसंगठनबाट दुई महिला सहित पाँच जनाका दरले निर्वाचित हुने **प्रतिनिधिहरूः** १३७ **जना ।**



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- विधानत **मनोनित** संख्याः १०१ **जना** (पदेन र निर्वाचित प्रतिनिधि संख्या २,०२६ को ५ प्रतिशत) ।

**कुल प्रतिनिधि संख्याः २,१२७ जना ।**

३) **प्रतिनिधि चयन मिति र अन्य व्यवस्था :**

महाधिवेशन प्रतिनिधिको निर्वाचन २०८२ मङ्सिर १३ गते शनिबार देशभरी एकैसाथ गर्ने । छनोट भएका प्रतिनिधिहरूको फोटोसहितको संगठन विभागले तोकेको फर्म्याटमा (डिजिटलसहित) विवरण मङ्सिर १५ गतेभित्र केन्द्रीय कार्यालयमा आइपुग्नु पर्नेछ । यसका लागि निम्न विषयमा ध्यान दिनेः

- प्रतिनिधि चयन, केन्द्रीय संगठन विभागबाट प्रमाणित गरिएको पार्टी सदस्यताको विवरणका आधारमा गर्ने,
- केन्द्रीय कार्यालयमा रहेको सदस्यता भुगोलमा लैजान चाहने पार्टी सदस्यहरूले केन्द्रीय संगठन विभागमार्फत् यही कात्तिक मसान्तसम्म स्थानान्तरण गरिसक्ने,
- पदेन प्रतिनिधि हुने आयोजकसमेत रहेका पार्टी सदस्यले प्रतिनिधि चयन प्रक्रियामा सहभागी नहुने,
- बाँकी सबै पार्टी सदस्यहरूले तोकिएअनुसारको आफ्नो पार्टी सदस्यता रहेको कुनै एउटा क्लस्टरको प्रतिनिधि चयन प्रक्रियामा सहभागी हुनुसक्ने,
- दलित र श्रमिकहरूको क्लस्टरमा रहने पार्टी सदस्यहरूको सूची एकहप्ता अगाडि नै जिल्ला र प्रदेश कमिटीले प्रकाशन गर्ने,
- जनसंगठनमा रहन चाहने पार्टी सदस्यहरूले आफ्नो नाम भूगोल वा विशेष कमिटीको सदस्यता विवरणबाट अलग गर्नुपर्ने ।
- प्रतिनिधि चयनका सन्दर्भमा कुनै विवाद वा अस्पष्टता भए संगठन विभागसँग परामर्श गर्ने । तर तोकिएभन्दा बढी प्रतिनिधि चयन भएमा मान्य हुनेछैन ।

४) **प्रतिनिधिहरुको चयन स्वच्छ, निष्पक्ष र पारदर्शी ढंगले देहायबमोजिम गर्नेः**

क. केन्द्रीय सल्लाहकार परिषद्का सदस्यहरूले आफूमध्येबाट कम्तिमा एकतिहाई महिलासहित २५ जना प्रतिनिधि चयन गर्ने । प्रतिनिधि चयनको व्यवस्थापन सल्लाहकार परिषद्का पदाधिकारीहरूले गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

ख. प्रदेश र सो सरहका कमिटीबाट कम्तिमा २ महिलासहित ५ जना प्रतिनिधि चयन गर्ने । प्रतिनिधि चयनको व्यवस्थापन सम्बन्धित प्रदेश कमिटीका पदाधिकारीहरूले गर्ने ।

ग. एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका जिल्लाको हकमा प्रतिनिधि चयनको इकाई जिल्ला हुनेछ । प्रतिनिधि चयनको व्यवस्थापन सम्बन्धित जिल्ला कमिटीका पदाधिकारीहरूले गर्ने ।

घ. एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका जिल्लाको हकमा प्रतिनिधि चयनको इकाई प्रतिनिधिसभा निर्वाचन क्षेत्र हुनेछ । सोही क्षेत्रमा रहेका पार्टी सदस्यले आफूमध्येबाट तोकिएअनुसारका महाधिवेशनका प्रतिनिधिहरूको चयन गर्ने । त्यसको व्यवस्थापन सम्बन्धित जिल्ला कमिटीका पदाधिकारीहरूले गर्ने ।

ङ गैरभौगोलिक जिल्ला कमिटी हकमा प्रतिनिधि चयनको इकाई जिल्ला हुनेछ । त्यसअन्तर्गतका पार्टी सदस्यहरूले आफूमध्येबाट तोकिएअनुसार महाधिवेशन प्रतिनिधिको चयन गर्ने । त्यसको व्यवस्थापन सम्बन्धित जिल्ला कमिटीका पदाधिकारीहरूले गर्ने ।

च. भौगोलिक जिल्लाअन्तर्गतका दलित पार्टी सदस्यहरूले तोकिएअनुसारको महाधिवेशन प्रतिनिधि चयन गर्ने । प्रतिनिधि चयनको व्यवस्थापन पार्टी जिल्ला कमिटीका पदाधिकारीहरूले गर्ने ।

छ. ७ भौगोलिक प्रदेशअन्तर्गतका श्रमिक पार्टी सदस्य मध्येबाट कम्तिमा ३ महिलासहित ७ जना प्रतिनिधि चयन गर्ने । प्रतिनिधि चयनको व्यवस्थापन प्रदेश कमिटीका पदाधिकारीले गर्ने ।

ज. भारत, अमेरिका (क्यानडासमेत), युरोप, एशिया प्यासिफिक, खाडी र ओसियाना अन्तर्गतका पार्टी सदस्यहरूको प्रतिनिधि चयनको व्यवस्थापन सम्बन्धित क्षेत्रका पार्टी इञ्चार्जहरू र सम्बन्धित क्षेत्रका प्रवासी नेपाली मञ्च/संघका पदाधिकारीले गर्ने ।

झ. पार्टीसम्वद्ध जनसंगठनको हकमा प्रतिनिधि चयनको व्यवस्थापन सम्बन्धित जनसंगठनका इञ्चार्ज र पदाधिकारीहरूले गर्ने ।

ञ. पार्टीका केन्द्रीय विभाग र केन्द्रीय कार्यालयका पार्टी सदस्यहरूले आफूमध्येबाट एक–एक जना महाधिवेशन प्रतिनिधि चयन गर्ने । त्यसको व्यवस्थापन सम्बन्धित विभागका प्रमुख र सचिवले गर्ने ।

ट. छनोट भएका प्रतिनिधिहरूको फोटोसहितको विवरण संगठन विभागले तोकेको फर्म्याटमा (डिजिटलसहित) सम्बन्धित कमिटीका प्रमुखको हस्ताक्षर सहित मङ्सिर १५ गतेभित्र केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पठाउने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

५) **प्रतिनिधि शुल्कः**

पदेन प्रतिनिधिका लागि महाधिवेशन शुल्क रू. ३०००।- र निर्वाचित प्रतिनिधिका लागि रू. २०००।- तोकिएको छ । महाधिवेशन प्रतिनिधि दर्ताको प्रक्रियामै उक्त शुल्क अनिवार्यरूपमा बुझाउनु पर्नेछ ।

घ. **जनपरिचालन तथा जनप्रदर्शनः**

केन्द्रीय कमिटीको १०औं बैठकले निर्णय गरेबमोजिम प्रतिगामी षड्यन्त्रलाई परास्त गर्दै मुलुकलाई संवैधानिक व्यवस्थातर्फ फर्काउनका लागि देशैभरि निम्नानुसार जनपरिचालनका कार्यक्रमहरू सम्पन्न गर्ने :

| | |
|---|---|
| — वडास्तरीय जनभेला | कात्तिक २२ गते |
| — पालिकास्तरीय जनप्रदर्शन | कात्तिक २५ गते |
| — जिल्लास्तरीय जनसभा | कात्तिक २९ गते |
| — काठमाडौं उपत्यकास्तरीय जनप्रदर्शन | मङ्सिर ६ गते |

उपरोक्त कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि प्रदेश कमिटीको निर्देशनमा सम्बन्धित जिल्ला कमिटीहरूले कार्ययोजना बनाई कार्यान्वन गर्ने । वडातहमा आयोजना गरिने जनभेलामा पार्टीको दशौं केन्द्रीय कमिटीको निर्णयबमोजिम दिशानिर्देश गर्न सक्नेगरी वक्ताहरू खटाउने । पालिकास्तरमा आयोजना गरिने र्‍यालीका लागि वक्ता र आवश्यक नाराहरू तयार गरी उपलब्ध गराउने । जिल्लास्तरीय जनसभाका लागि जिल्लाको आवश्यकताअनुसारको वक्ताहरूको व्यवस्था प्रदेश कमिटीले मिलाउने । सम्बन्धित जिल्लामा सम्पन्न कार्यक्रमहरूको रिपोर्ट केन्द्रीय कार्यालयमा एकहप्ताभित्र सम्बन्धित जिल्ला कमिटीले पठाउने । काठमाडौँ उपत्यकाको हकमा जनप्रदर्शन र जनसभाको तयारी केन्द्रीय कार्यालय र बागमती प्रदेश कमिटीको संयोजनमा उपत्यकामा रहेका पार्टी कमिटी र पार्टीसम्वद्ध जनसंगठनहरूले संयुक्तरूपमा गर्ने ।

ङ **विविधः**

क भदौ २३ र २४ गतेको घटनामा भएको घुसपैठिया, तोडफोड, आगजानी, लुटपाट र विध्वंसात्मक गतिविधिमा संलग्न व्यक्तिहरूको पहिचान गर्ने र कारबाहीको दायरामा ल्याउनका लागि आवश्यक प्रक्रिया अघि बढाउने । उक्त अवधिमा जिल्लामा भएका क्षतिको विवरण संकलन गरी क्षतिपूर्तिका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने र जनदवाव सिर्जना गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

ख भदौ २३ र २४ गतेको जेन्जीका नाममा सुरू भएको आन्दोलनमा तोडफोड, आगजनी र लुटपाटमा पार्टी र पार्टीसम्बद्ध जनसंगठनका कुनै सदस्य संलग्न भएको प्रमाणित भएमा सम्बन्धित पार्टी कमिटी र जनसंगठनले विधानबमोजिम आवश्यक कारबाही गर्ने । १५ दिनभित्र त्यस्ता सदस्यहरू माथि गरिएको कारबाहीको जानकारी पार्टी केन्द्रीय कार्यालयमा गराउने ।

ग पार्टीका केन्द्रीय सदस्य एवम् नेपाल ट्रेडयुनियन महासंघका उपाध्यक्ष कमरेड कमल गौतमको विद्युत कटौतीका कारण विचल्लीमा परेका श्रमिकको हितमा र अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेको उद्योगको रक्षाका लागि आयोजित विरोधसभामा सम्बोधन गर्दागर्दै कार्डियो अरेष्टका कारण अप्रत्यासित निधन भएकोमा पार्टीले गहिरो दु:ख व्यक्त गरेको छ । उहाँको मृत्युबाट पार्टी अपूरणीय क्षति पुगेको महसुस गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली र शोकाकूल परिवारजनमा गहिरो समवेदनासहित विशेष प्रस्ताव पारित गरेको छ । साथै केन्द्रीय कमिटीको दशौं बैठकले पारित गरेका समसामयिक प्रस्तावहरू अनुसूची १ मा समावेश गरिएको छ ।

**प्रिय कमरेडहरू,**

यतिबेला मुलुक गम्भीर संकटको दौरबाट गुज्रिरहेको छ । जनताको बलिदानीपूर्ण संघर्षबाट निर्माण भएको नेपालको संविधान २०७२ लाई निस्तेज बनाउने गम्भीर षड्यन्त्र भइरहेको छ । जेन्जीको आन्दोलनका नाममा सङ्घीय लोकतान्त्रिक गणतन्त्र र नेपालको सार्वभौमसत्तालाई नै कमजोर बनाउने शक्तिहरू सल्बलाइरहेका छन् । जनता र राष्ट्रका विरूद्धको अपराधमा संलग्नहरू उल्टै हाम्रो पार्टी र नेतृत्वलाई दोषारोपण गरेर मुलुकलाई अझ भीषण अराजकतातर्फ धकेल्ने कोशिस गरिरहेका छन् । यस्तो अवस्थामा पार्टीलाई वैचारिक र राजनीतिक रूपमा एकताबद्ध र क्रियाशील बनाउँदै आन्दोलनकारी ढंगले जनताका बीचमा जानुपर्ने भएको छ ।

हाम्रो पार्टीले गएको आमचुनावदेखि नै नयाँ पुस्तालाई प्रमुख राजनीतिक दलहरूबाट अलग गर्ने नियोजित प्रयत्न भएको विश्लेषण गरेर नै युवाहरू बिचको पार्टी काममा जोड दिने नीति अवलम्बन गर्दै आएको हो । मिसन ग्रासरूटको समयमा प्रत्येक वडामा १० युवा पहिचान गर्ने र उनीहरूलाई नेतृत्व विकासको विशेष तालिमबाट पार्टी राजनीतिमा जोड्ने योजना अघि बढाएका थियौँ । प्रदेश अधिवेशनदेखि हामीले कमिटीमा युवाको आरक्षणको नीति अघि बढाएका थियौँ । प्रदेश कमिटीमा १० जिल्ला कमिटीमा १५, पालिका कमिटीमा २०, वडा र आधारभूत तहमा ३३ प्रतिशत चालीस वर्ष मुनिका युवाको सहभागिताको योजना अघि सारेका थियौँ । यसै वर्षको वैशाख ११ मा बैसठ्ठी त्रिसठ्ठीको ऐतिहासिक जनआन्दोलन सफल भएको दिन पारेर युथ सेलिब्रेसनको विशेष समारोह भव्यरूपमा आयोजना गरेका थियौँ । पार्टीका तर्फबाट मात्र होइन, सरकार तर्फबाट समेत नीति



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

कार्यक्रम र बजेटका माध्यमबाट युवामैत्री नीति अघि बढाएका थियौँ । सूचना र प्रविधिमा युवाको बढ्दो रूची र पहुँचलाई ध्यानमा राखेर कानूनमा व्यापक सुधार गरी लगानीको वातावरण तयार गरेका थियौँ । जेन्जीका नाममा युवाहरूले अघि सारेको भ्रष्टाचारको विरोध र सुशासनको विषय हाम्रो पार्टीकै सरोकारको विषय हो । सूचना प्रविधिको प्रसारमा हाम्रो पार्टी विशेष जोड र नेतृत्व रहँदै आएको हो । यी र यस्ता विषयमा हाम्रो पार्टीको भूमिकालाई युवाहरूका बीचमा स्थापित गर्न नसक्दा जेन्जीका नाममा युवाहरूलाई हाम्रो पार्टी र नेतृत्वका विरूद्धमा उभ्याउने षड्यन्त्रअनुरूप आपराधिक घटना घटाइएको कुरा घामजत्तिकै छर्लङ्ग छ । हामीले नवयुवाहरूलाई हाम्रो पार्टीको दृष्टिकोण र पहललाई सकारात्मक रूपमा सम्प्रेषण गरेर उनीहरूको विश्वास जित्ने कोशिस गर्नुपर्दछ । नेपाली समाजलाई पुस्ताका नाममा विभाजित गर्ने गलत रणनीतिबाट हाम्रा नवयुवाहरूलाई सचेत र जागरूक बनाउन सक्नुपर्दछ ।

यतिबेला हाम्रो पार्टी प्रतिगमनको दुष्प्रयासका विरूद्धमा प्रतिनिधिसभाको पुनर्स्थापनाको मुद्दा बोकेर नेपालको संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाको अभियानमा जुटेको छ । यही समयमा हामी हाम्रो पार्टी जीवनको सर्वोच्च निकाय एघारौँ महाधिवेशनको तयारीमा जुटिरहेका छौँ । पार्टीको एघारौँ महाधिवेशनलाई हामी आन्दोलन र उत्सवको विशेष समारोहमा बदल्न चाहन्छौँ । एघारौँ राष्ट्रिय महाधिवेशनका माध्यमबाट पार्टीलाई थप एकताबद्ध, गतिशील र जुझारू बनाउन चाहन्छौँ । पार्टीको राष्ट्रिय महाधिवेशन पार्टी कार्यकर्ताको सम्प्रभुताको प्रयोगको सर्वोच्च थलो हो । त्यसलाई हरेक हिसाबले ऐतिहासिक र अविस्मरणीय बनाउनु पर्दछ । यस्का लागि मङ्सिर २७ गते काठमाडौँमा आयोजना हुने पार्टीको एघारौँ महाधिवेशनलाई ऐतिहासिक र अभूतपूर्व बनाउने अभियानमा अहिलेदेखि जुटौँ । यसै महिनामा आयोजना हुने वडा, पालिका र जिल्ला तहमा आयोजना गरिने जनभेला, जनप्रदर्शन र जनसभालाई सफल बनाउन जुटौँ । त्यसप्रकारको पहलकदमीबाट नै आन्दोलन र अभियानमा हामी पूर्णरूपमा सफल हुनेछौँ । म सम्पूर्ण कमरेडहरूलाई अन्तरपार्टी निर्देशन-१३ लाई सिर्जनात्मकरूपमा कार्यान्वयन गर्दै पार्टी र आन्दोलन निर्णायक राष्ट्रिय शक्ति निर्माणको दिशामा अघि बढाउन हार्दिक अनुरोध गर्दछु ।

केपी शर्मा ओली
अध्यक्ष



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

अनुसूची–१

# नेकपा (एमाले) केन्द्रीय कमिटीको बैठक (असोज २९–३१), ललितपुरमा प्रस्तुत र पारित प्रस्तावहरू

भदौ २३ र २४ गते मुलुकमा घटित घटनाक्रम र त्यसपछि उत्पन्न असामान्य परिस्थितिबारे अध्यक्षबाट प्रस्तुत विशेष राजनीतिक प्रस्तावमार्फत् सङ्क्षिप्त विश्लेषण गरिसकिएको छ र बैठकले त्यसको लोकतान्त्रिक निकासका लागि सामान्य मार्गचित्र पनि प्रस्तुत गरिसकेको छ । यसैमाथि आधारित रहेर केन्द्रीय कमिटीको यो बैठक देहायका विषयहरूमा आफ्नो दृष्टिकोण यस प्रस्तावका रूपमा प्रस्तुत गर्दछ ।

१. मुलुकमा पछिल्लो अवधिमा विकसित असामान्य परिस्थितिका सम्बन्धमा नेकपा (एमाले) संवेदनशील, चिन्तित र गम्भीर छ । राष्ट्रियता, लोकतन्त्र, संविधान, अर्थतन्त्र, शान्ति, विकास र समृद्धिको बाटो नै अनिश्चित भविष्य एवं सङ्कटको दिशातिर उन्मुख भइरहेको वर्तमान अवस्थामा केन्द्रीय कमिटीको यो बैठक मुलुकलाई लोकतान्त्रिक पद्धति, राजनीतिक स्थायित्व, सामाजिक सद्भाव र राष्ट्रिय एकताको बाटोमा फर्काउन सक्रिय भूमिका खेल्ने सङ्कल्प गर्दछ । त्यसका लागि सिङ्गो पार्टीपङ्क्ति एकताबद्ध र अविचलित दृढताका साथ अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

२. सामाजिक सञ्जालको निर्बाध सञ्चालन, भ्रष्टाचारको विरोध र सुशासनलगायत विभिन्न माग राखेर न्भल-श युवाहरूले गरेको भदौ २३ गतेको प्रदर्शनका क्रममा भएको जनधनको क्षतिबाट नेकपा (एमाले) स्तब्ध छ । घटनामा परी जीवन गुमाउनुहुने युवाहरू एवं कर्त्तव्य पालनाको सिलसिलामा अराजक समूहहरूद्वारा बर्बर हत्या गरिनुभएका सुरक्षाकर्मी र नागरिकहरूप्रति पार्टी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै आफन्तको वियोगमा रहनुभएका परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ ।

३. नवयुवाहरूले आयोजना गरेको शान्तिपूर्ण प्रदर्शनभित्र घुसपैठ र दुरूत्साहनमार्फत् जसरी निहत्था युवाहरूको हत्या हुने स्थिति सिर्जना गरियो, यो सामान्य सुरक्षा कमजोरी मात्रै होइन भन्ने पार्टीको निष्कर्ष छ । तथ्यहरूले भदौ २३ गते कुनै न कुनै दुःखद घटना घटाएर भदौ २४ गते देश दहन गर्ने सुनियोजित तयारी भइरहेको थियो भन्ने पुष्टि गर्छन् । यस घटनाको स्वतन्त्र,



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

निष्पक्ष र गम्भीर छानवीन हुनुपर्छ, सबै तथ्यहरू बाहिर ल्याइनुपर्छ र सङ्लग्न दोषीहरूलाई कारबाही गरिनुपर्छ भन्ने नेकपा (एमाले) माग गर्दछ ।

४. भदौ २४ गते सुनियोजित र शृङ्खलाबद्ध रूपमा गरिएको देश दहनको आपराधिक कृत्यको नेकपा (एमाले) निन्दा र भ्रर्त्सना गर्दछ । राष्ट्रपति भवन, ऐतिहासिक सिँहदरबार, सङ्घीय संसद, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, सयौँ प्रहरी कार्यालय, अख्तियारलगायत संवैधानिक निकाय, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, प्रदेशसभा र मुख्यमन्त्री कार्यालयलगायत प्रादेशिक संरचना, विभिन्न पालिका भवन र अन्य सरकारी कार्यालयमा आगजनी र ध्वस्त पार्ने गतिविधि कुनै स्वतःस्फूर्त घटना थिएन । बहुमूल्य र दुर्लभ अभिलेख, दस्तावेज र लिखतहरू जलाएर खरानी बनाइएको छ । विभिन्न मिडिया हाउस, होटल, डिपार्टमेन्टल स्टोर, केबुल कार, गाडीका शोरूम, ब्याङ्कलगायत उद्योगी व्यवसायीहरूका खर्बौं मूल्यका सार्वजनिक र निजी सम्पत्ति सखाप पारिएको छ । राजनीतिक दलका कार्यालय, लोकतान्त्रिक आन्दोलनका अग्रणी नेताहरूका सालिक, स्मारक र आश्रम एवं नेता कार्यकर्ताका निजी सम्पत्तिमा आगजनी, तोडफोड तथा लुटपाट गरिएको छ । ठूलो मात्रामा प्रहरीका हतियार, गोलीगट्ठा र लजिस्टिक लुटिएको छ । जेल तोडेर १३ हजारभन्दा बढी कैदीबन्दीहरू भगाइएको छ । निर्दोष मान्छेहरूलाई घरभित्र जिउँदै जलाइएको छ । यी आपराधिक घटनाहरूको उद्देश्य एकैसाथ मुलुकको लोकतान्त्रिक संरचना ध्वस्त पार्ने, अर्थतन्त्रको मेरूदण्ड भाँच्ने, समाजमा भय र त्रासको वातावरण बनाउँदै नागरिकहरूलाई निरीह तुल्याउने र क्रमशः असफल राष्ट्रतिर धकेल्ने हो भन्ने स्पष्ट छ । देशलाई माया गर्ने कुनै पनि नवयुवाबाट यस्तो काम हुनसक्छ भन्ने नेकपा (एमाले) लाई लाग्दैन र यो 'जेन्जी'हरूबाट भएको होइन भन्नेमा पार्टी विश्वस्त छ । देशलाई दशकौँ पछाडी धकेल्ने यस अपराधको गहिरो, सूक्ष्म र निष्पक्ष छानवीन हुनुपर्छ, बाहिर देखिएका र पर्दाभित्रका अपराधीहरू समेतलाई कडा कानुनी कारबाही गरिनुपर्छ भन्ने यो बैठक माग गर्दछ ।

५. यति गम्भीर, सुनियोजित र विभिन्न शक्ति केन्द्रहरू सङ्लग्न घटनाको छानवीनका लागि उच्चस्तरको दक्षता, विज्ञता र निष्पक्षता आवश्यक पर्दछ । तर सरकारले गठन गरेको छानवीन आयोगमा रहेका कतिपय व्यक्तिहरूको दूराग्रह, दूषित सोच र मनशाय यसअघि नै सार्वजनिक भइसकेको छ । कुनै तथ्यले पुष्टि नगरे पनि निश्चित राजनीतिक नेताहरूलाई आरोपित गर्ने पूर्वयोजना बोकेका व्यक्तिहरूबाट यति गम्भीर घटनाको यथार्थ बाहिर आउँछ भन्ने हामीलाई विश्वास छैन । तसर्थ, केन्द्रीय कमिटीको यो बैठक सर्वोच्च अदालतका पूर्व न्यायाधीशको नेतृत्वमा स्वतन्त्र र निष्पक्ष छानवीन समिति बनाउनुपर्छ भन्ने मान्यता राख्दछ । नागरिकस्तरबाट पनि यसको स्वतन्त्र छानवीन होस् भन्ने हाम्रो आग्रह छ । हाम्रो पार्टी आफै पनि समग्र घटनाहरूको

सूचना र तथ्यहरू सङ्कलन गर्ने, तिनको विश्लेषण गर्ने र उपयुक्त समयमा विस्तृत प्रतिवेदन सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

६. मुलुकको प्रमुख राजनीतिक पार्टी र लोकतन्त्रको प्राप्ति एवं रक्षाका लागि अग्रपङ्क्तिमा उभिएको पार्टी हुनुको नाताले नेकपा (एमाले) ताजा जनादेश लिने, आवधिकरूपमा जनअनुमोदित हुने र निर्वाचनको प्रतिस्पर्धामा सहभागी हुँदै जनादेश प्राप्त हुँदा सरकार सञ्चालन गर्ने एवं त्यसो नहुँदा जिम्मेवार प्रतिपक्षको भूमिका खेल्ने मान्यतामा अविचलित छ ।

तर निर्वाचनको कार्यादेश प्राप्त गरेको वर्तमान सरकार निर्वाचनको वातावरण बनाउनेतिर होइन, अनिर्वाचित सत्ता लम्ब्याउने दिशामा उद्यत् देखिन्छ । निर्वाचनको मूल पक्षका रूपमा रहेका दलहरूसँग सम्बाद, परामर्श र सहकार्य त परै छाडौँ, सम्पर्क समेत गर्न चाहिरहेको छैन । उल्टै निषेध र मुठभेडको बाटोमा हिँडिरहेको छ । नेताहरूलाई स्थान हद तोक्ने, राहदानी रद्द गर्ने, शान्तिपूर्ण कार्यक्रमलाई निषेध गर्ने, मिडिया ट्रायल गर्दै चरित्रहत्या गर्ने काम गरिरहेको छ । पार्टीहरूका र खासगरी हाम्रो पार्टीका अध्यक्षमाथि झुट्टा आरोपमा मुद्दा चलाउन र जसरी भए पनि गिरफ्तार गर्ने दुष्प्रयाशमा सरकार लागिरहेकै छ । सरकारको संरक्षणमा रहेका सन्देहास्पद पात्रहरू खुलेआम राजनीतिक नेताहरूमाथि भौतिक हमलाका लागि दुरूत्साहन गर्ने, पार्टीहरूलाई चुनावमा भाग लिन नदिने, उनीहरूले जिते परिणाम खारेज गर्ने र नेताहरूलाई विभिन्न मुद्दा लगाएर बाहिर निस्कनै नदिने धम्की दिइरहेका छन्, तर सरकार मौन छ । प्रहरीबाट लुटिएका हजारौँ थान हतियार र गोलीगट्ठा बाहिरै राखेर, हजारौँ कैदीहरूलाई खुलेआम हिँड्न र पुनः आपराधिक काममा लाग्न छुट दिने काम भइरहेको वर्तमान अवस्थामा राजनीतिक दलहरू कसरी निर्भयतापूर्वक जनतासमक्ष जान सक्छन् ? मतदाताहरू कसरी निर्धक्कसँग मतदान केन्द्रसम्म पुग्न सक्छन् ? सरकार यी समस्याको समाधान गर्ने र निर्वाचनको आधार बनाउनेतिर होइन, मुलुकलाई बहुआयामिक सङ्कटतिर धकेल्न उद्यत् देखिन्छ । कार्यादेशविपरीत अन्य मुलुकहरूसँग मुलुकलाई दीर्घकालीन असर पार्ने सम्झौता गर्ने तयारी गरिरहेको छ । राजदूतहरू फिर्ता गर्ने, नियुक्ति र बर्खासीलगायत तपसिलका विषयलाई प्राथमिकताका साथ अगाडि बढाइरहेको छ । निर्वाचनको आधार बनाउनेतिर होइन, उल्टो बाटो हिँडिरहेको छ ।

निर्वाचन पनि हुन नसक्ने र प्रतिनिधिसभा पनि कायम नरहेको वर्तमान अवस्थाले राजनीतिक रिक्तता र अस्थिरताको भयावह अवस्था सिर्जना गर्ने हुनाले नेकपा (एमाले) केन्द्रीय कमिटीको यो बैठक असंवैधानिक र अलोकतान्त्रिक ढङ्गले विघटन गरिएको प्रतिनिधिसभा पुनर्स्थापना हुनुपर्छ भन्ने माग गर्दछ । त्यसले मात्रै मुलुकलाई लोकतन्त्रको बाटोमा फर्काउन सक्छ भन्ने स्पष्ट मान्यता राख्दछ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

७. राष्ट्रियता, लोकतन्त्र, संविधान, अर्थतन्त्र र सामाजिक प्रबन्धहरू नै सङ्कटमा परिरहेको, नेपाली जनताले लामो सङ्घर्षपश्चात् हासिल गरेका उपलब्धिहरू नै धरापमा परेको वर्तमान चुनौतीपूर्ण अवस्थालाई बोध गर्दै मुलुकलाई लोकतान्त्रिक बाटोमा फर्काउन संविधानका पक्षधर सबै शक्तिहरू, संसदमा रहेका दलहरू, सबै लोकतान्त्रिक र देशभक्त नागरिक तथा आमजनसमुदायलाई आपसी संवाद, सहकार्यका लागि यो बैठक आह्वान गर्दछ ।

८. मुलुकमा शान्ति सुरक्षाको अवस्था निकै नाजुक बनेको छ । ठूलो सङ्ख्यामा प्रहरीका हातहतियार र गोलीगट्ठा लुटिएको एवं जेलबाट भागेका कैदीहरूको ठूलो सङ्ख्या अझै बाहिर रहेको अवस्थाले गर्दा जनता सन्त्रासमा छन् । सुरक्षाकर्मीहरूको मनोबल खस्किएको छ । सन्दिग्ध र विवादास्पद पात्रहरू सरकारी कार्यालय र व्यवसायिक प्रतिष्ठानहरूमा अनधिकृत ढङ्गले पसेर राष्ट्रसेवकहरू र व्यवसायीहरूलाई धम्क्याइरहेका छन्, कानुन हातमा लिइरहेका छन् । सर्वोच्च अदालतका प्रधान न्यायाधीश र न्यायाधीशहरू एवं संवैधानिक अङ्गका प्रमुखहरू लगायतलाई राजीनामाका लागि धम्की दिँदै विधिको शासन, संविधानवाद र लोकतान्त्रिक पद्धतिमाथि खुलेआम हमला गरिरहेका छन् । एक किसिमको राज्यविहीनताको अवस्था सिर्जना भएको छ । सरकार यस्तो बेलामा राष्ट्रिय एकता, मेलमिलाप र सङ्क्रमणकालको व्यवस्थापनतिर होइन, थप तनाव सिर्जना गर्ने बाटोमा अग्रसर छ । नेकपा (एमाले) सबै नागरिकहरूलाई आफ्नो सुरक्षाका लागि टोलटोलमै सजग भएर टोल सुरक्षा समिति बनाउन, एकापसमा समस्या पर्दा सहयोगी बन्न, सुरक्षाकर्मीहरूको मनोबल उठाउन र अपराधीहरूको पहिचान र कारबाहीमा सहयोग गर्न आह्वान गर्दछ ।

निहत्था युवाहरूको हत्या र देश दहनको भयावह अवस्था देखेका नवयुवाहरू लगायत धेरै नागरिकहरूमा यतिबेला अवशाद, निराशा र सन्त्रास बढिरहेको समाचार बाहिर आइरहेको छ । यस्तो अवस्थामा मनोसामाजिक परामर्श र अन्य उपायहरूद्वारा आमनागरिकहरूको मनोबललाई उच्च राख्न सम्बन्धित सङ्घ-संस्था, विज्ञहरू र स्वास्थ्यकर्मीहरूलाई आह्वान गर्दछौं ।

९. भदौ २४ गते पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीलगायत १७० भन्दा बढी पार्टी नेता–कार्यकर्ताहरूको निजी निवासमा आगजनी, तोडफोड र लुटपाट भएको छ । यस क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै केन्द्रीय कमिटी सम्बद्ध कमरेडहरूको यस क्षतिमा सम-अनुभूति र ऐक्यबद्धता व्यक्त गर्दछ । कमरेडहरू यस्ता सबै प्रतिकूलतालाई सामना गर्दै उच्च मनोबलका साथ अगाडि बढ्नु हुने विश्वास व्यक्त गर्दछ ।

१०. यो बैठक भदौ २४ गते आफ्नै निवासमा साङ्घातिक आक्रमणमा पर्नुभएका नेपाली काँग्रेस सभापति शेरबहादुर देउवा, तत्कालीन परराष्ट्रमन्त्री डा. आरजु देउवा र निवासमै जलाइनुभएकी



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

पूर्व प्रधानमन्त्री झलनाथ खनालकी धर्मपत्नी प्राध्यापक रविलक्ष्मी चित्रकारलगायत घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ । पार्टी कार्यालयलगायत निजी क्षति व्यहोर्नुभएका विभिन्न राजनीतिक दल, नेता र व्यवसायीहरूप्रति दुःखमा सम-अनुभूति व्यक्त गर्दछ ।

११. सिङ्गो राष्ट्र नै असामान्य सङ्कटबाट गुज्रिरहेको यस घडीमा केन्द्रीय कमिटीको यो बैठक विगतमा नेकपा (एमाले) मा रहेर पार्टी निर्माणमा योगदान गर्नुभएका र विभिन्न कारणले अहिले पार्टी बाहिर रहनुभएका सबै कमरेडहरूलाई घर फर्किन आह्वान गर्दछ । कमरेडहरूलाई ससम्मान पार्टीमा स्वागत गर्न पार्टी तयार रहेको जानकारी पनि हामी सार्वजनिक गर्दछौँ ।

१२. नेकपा (एमाले) हमेशा सुशासन, पारदर्शिता र स्वच्छताको पक्षमा उभिँदै आएको छ । प्रश्न उठ्नासाथ सार्वजनिक ओहदाबाट राजीनामा दिएर राज्यका अख्तियार प्राप्त निकायलाई छानवीनमा सहयोग गर्ने र अभियोजन हुनासाथ कानुनबाट सफाइ नपाउँदासम्म पार्टी जिम्मेवारीबाट मुक्त गर्ने हाम्रो परम्परा रहँदै आएको यथार्थ पुनः स्मरण गराउन चाहन्छौँ । भ्रष्टाचारको विरोधमा नवयुवाहरूको समेत आवाज उठिरहेको सन्दर्भमा हाम्रो पार्टी विगतमा राज्यका उच्च राजनीतिक र प्रशासनिक ओहदामा रहेका व्यक्तिहरूको सम्पत्ति छानवीन हुनुपर्छ, चर्चामा रहेका सबै भ्रष्टाचारका विषयहरूको अनुसन्धान हुनुपर्छ र दोषी देखिएकाहरूलाई कानुनबमोजिम कारबाही गरिनुपर्छ भन्ने कुरामा थप जोड दिन चाहन्छ । राज्यका अख्तियार प्राप्त निकायले यी विषयमा आवश्यक निर्णय गरून् भन्ने आग्रह गर्दै यस कार्यमा पार्टीको सहयोग रहने विश्वास दिलाउन चाहन्छौँ । यसो गरेर मात्र एकाध व्यक्तिहरूका गल्तीका कारण सबै भ्रष्ट हुन् भनेर खडा गर्न खोजिएको भाष्य चिर्न सकिन्छ भन्ने हाम्रो विश्वास छ । हाम्रो पार्टीको केन्द्रीय अनुशासन आयोगले पनि यस विषयमा गम्भीरतापूर्वक काम अगाडि बढाओस् भन्ने केन्द्रीय कमिटी ध्यानाकर्षण गर्दछ । उपयुक्त समयमा हामीले सरकारमा रहँदा गरेका ऐतिहासिक काम, उपलब्धि र सफलतासँगै रहन गएका कमीहरूका बारेमा गम्भीर समीक्षा गरी व्यवस्थित प्रतिवेदन श्वेतपत्रका रूपमा जनतासमक्ष ल्याउने विश्वास दिलाउन चाहन्छौँ ।

१३. नेकपा (एमाले) मुलुकको विकास र समृद्धिका लागि नवयुवाहरूसँग अझ सार्थक संवाद गर्न, उहाँहरूका सरोकारलाई ग्रहण गर्न, सहकार्यका साथ अगाडि बढ्न सदैव तत्पर रहेको छ । तदनुरूप पार्टीका संरचनाहरूमा युवा सहभागिता अभिवृद्धि गर्न गरिएका सङ्गठित प्रयासहरू सर्वविदितै छन् । सरकारमा रहँदा उद्यमशीलता, शीप विकास, उत्पादन र बजार शृङ्खलाको इकोसिस्टम निर्माण गर्न, स्टार्ट अप, नवप्रविधिमार्फत् नवप्रवर्तनको विकासलगायत क्षेत्रमा चालिएका कदमको हामी पुनः स्मरण गर्न चाहन्छौँ । युवाहरूको भविष्य लोकतन्त्र, शान्ति र स्थायित्वमा मात्रै रहेको कुरामा जोड दिँदै नवयुवाहरूलाई कुनै पनि हिंसा र विध्वंशबाट अलग रहन,



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

तपाईंहरूको शान्तिपूर्ण आन्दोलनको दोहन गरेर देशलाई दहन गर्ने अपराधीहरूको पहिचान गर्न र राजनीतिक दलहरूसँग सार्थक संवादमा आउन आह्वान गर्दछौं । अब पुनर्स्थापना हुने संसदमार्फत् तपाईंहरूका मागहरू संवैधानिक बाटोबाट सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

१४. गम्भीर सामाजिक-आर्थिक समस्याका रूपमा रहेको भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको समस्या समाधानका लागि गठित राष्ट्रिय भूमि समस्या समाधान आयोगलाई सरकारले भर्खरै विघटन गरेको छ । यसले आवासको मौलिक हक कार्यान्वयन हुने पर्खाइमा रहेका ४ लाखभन्दा बढी भूमिहीन सुकुम्बासीहरू र दशकौंदेखि मर्कामा रहेका १० लाखभन्दा बढी अव्यवस्थित बसोबासीहरूको भविष्य अनिश्चयको भुँवरीमा धकेलिएको छ । केन्द्रीय कमिटीको बैठक सरकारको यस जनविरोधी निर्णयको विरोध गर्दछ ।

१५. ७ अक्टोबर २०२३ मा हमास लडाकुहरूद्वारा अपहरणमा परी बन्धक अवस्थामा रहनुभएका विपिन जोशी बन्धक अवस्थामै मारिनुभएको दुःखद खबर सार्वजनिक भएको छ । नेकपा (एमाले) उहाँको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र शोकाकूल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ । इजरायल र हमाश लडाकुहरूको द्वन्द्वमा द्वन्द्वसँग कुनै सरोकार नै नरहेका नेपाली युवाको यस हत्याप्रति गहिरो क्षोभ व्यक्त गर्दछ ।

१६. यही असोज तेस्रो साता गएको भीषण वर्षा र बाढी पहिरोले इलामलगायत विभिन्न जिल्लामा ठूलो क्षति पुऱ्याएको छ । इलाममा मात्रै ३९ जना व्यक्तिको ज्यान गएको छ, कैयौं व्यक्ति घाइते भएका छन् भने हजारौं परिवार घरबारविहीन भएका छन् । त्यति ठूलो विपद्को पूर्वतयारी मात्रै फितलो देखिएको होइन, सरकार उद्धार, राहत र पुनर्निर्माणमा पनि निकै सुस्त र गैरजिम्मेवार देखिएको छ । केन्द्रीय कमिटीको यो बैठक प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनुहुने सबैप्रति श्रद्धाञ्जली अर्पण गर्दछ । घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ । ईलामलाई केन्द्रित गरेर राहत र पुनर्निर्माणको ठोस कार्यक्रम ल्याउन माग गर्दछ र पार्टीपङ्क्तिलाई पीडितहरूलाई राहत र सहयोगका निम्ति आह्वान गर्दछ ।

१७. यो बैठक ओमानमा जारी छनोट खेलमा उत्कृष्ट प्रदर्शन गर्दै नेपाललाई तेस्रो पटक टि-ट्वेन्टी विश्वकप प्रतिस्पर्धामा छनोट गराउन सफल सम्पूर्ण खेलाडीहरू, नेपाल क्रिकेट एसोसियन र सम्पूर्ण खेलप्रेमीहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछ ।

१८. यो बैठक नजिकै आइरहेका तिहार, नेपाल सम्बत् ११४६ र छठको उपलक्ष्यमा सबै नेपाली दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछ । सिङ्गै देश र धेरै नागरिकहरूको

परिवारमा समेत समस्या उत्पन्न भइरहेको यस असहज अवस्थामा आइरहेका यी चाडबाडहरूले हामी सबैमा सद्भाव, शान्ति र आशा जगाउन सकोस् भन्ने कामना गर्दछ ।

१९. हालै बेलौरी नगरपालिका, कञ्चनपुर निवासी केन्द्रीय सल्लाहकार परिषद् सदस्य कमरेड यज्ञ कँडेलको निधन भएको छ । पोलिटब्युरो सदस्य कमरेड पुरूषोत्तम पौडेलेकी आमा, पार्टीकी सतत् सहयोगी एवं आश्रयदाता रत्नकुमारी पौडेलको यही असोज २ गते ८७ वर्षको उमेरमा दु:खद् निधन भएको छ । यसबीचमा केन्द्रीय सदस्य कमरेड नवीना लामाका बुबा एवं पुराना वामपन्थी अभियन्ता माणिक लामाको निधन भएको छ । त्यसैगरी केन्द्रीय सदस्य कमरेड छक्कबहादुर लामाकी आमा नाकदेरमा लामाको हालै निधन भएको छ । काभ्रे जिल्लाका अग्रज कम्युनिष्ट कमरेड सङ्ग्राम तामाङको क्यान्सर रोगबाट निधन भएको छ । यो बैठक मातृवियोगमा पर्नुभएका कमरेड पुरूषोत्तम पौडेल र छक्कबहादुर लामा एवं पितृवियोगमा पर्नुभएका कमरेड नवीना लामासहित शोकाकूल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै कमरेड यज्ञ कँडेलसहित दिवंगत सबैप्रति श्रद्धाञ्जली अर्पण गर्दछ ।

२०. नेकपा (एमाले) सबैखाले निरङ्कुशतन्त्र, सशस्त्र द्वन्द्वकालको कहालीलाग्दो अवस्था, सामाजिक विद्वेषका अत्यन्त प्रतिकूल घडीहरू, प्राकृतिक विपत्ति एवं नाकाबन्दी र महामारीजस्ता असामान्य चुनौतीसँग जुझ्दै यहाँसम्म आइपुगेको हो । आजको प्रतिकूल अवस्था सधैंभरि रहने छैन । यस्तो विषम् परिस्थितिमा पार्टी केन्द्रीय कमिटी सिङ्गो पार्टीपङ्क्तिलाई अविचलित, दृढ र एकताबद्ध भएर अगाडि बढ्न आह्वान गर्दछ । जनतासँग नजिकको सम्बन्ध कायम गर्दै उहाँहरूका सुझाव, टिप्पणी र आलोचना ग्रहण गर्न र जनसम्बन्धलाई सुदृढ गर्न आह्वान गर्दछ ।

२१. असहज परिस्थितिमा पार्टी केन्द्रीय कमिटीको दशौं बैठक आयोजना गर्न सहयोग गर्नुहुने सबै स्वयंसेवक कमरेडहरू, ललितपुर जिल्ला कमिटी र मातहत पार्टीपङ्क्ति, सुरक्षाकर्मीहरू, मिडिया र रामबाग महलप्रति केन्द्रीय कमिटी धन्यवाद व्यक्त गर्दछ ।




तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org

Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

अनुसूची–२

# आवश्यकता अनुसार महाधिवेशन प्रतिनिधि छनोटको हिसाब गर्न मद्दत गर्ने तालिका

| सदस्य संख्या (सम्म) | कुल प्रतिनिधि | खुल्ला | महिला | युवा | थप सदस्य सीमा (८०० को वृद्धि) | थपिएको (८००) संख्याको सीमा नाघ्दा |
|---|---|---|---|---|---|---|
| १२०० | ४ | २ | १ | १ | – | – |
| २००० | ५ | २ | २ | १ | १ (८००) | १ महिला |
| २८०० | ६ | ३ | २ | १ | २ (१६००) | १ खुल्ला |
| ३६०० | ७ | ४ | २ | १ | ३ (२४००) | १ खुल्ला |
| ४४०० | ८ | ४ | ३ | १ | ४ (३२००) | १ महिला |
| ५२०० | ९ | ५ | ३ | १ | ५ (४०००) | १ खुल्ला |
| ६००० | १० | ६ | ३ | १ | ६ (४८००) | १ खुल्ला |
| ६८०० | ११ | ६ | ४ | १ | ७ (५६००) | १ महिला |
| ७६०० | १२ | ७ | ४ | १ | ८ (६४००) | १ खुल्ला |
| ८४०० | १३ | ८ | ४ | १ | ९ (७२००) | १ खुल्ला |
| ९२०० | १४ | ८ | ५ | १ | १० (८०००) | १ महिला |
| १०००० | १५ | ९ | ५ | १ | ११ (८८००) | १ खुल्ला |
| १०८०० | १६ | १० | ५ | १ | १२ (९६००) | १ खुल्ला |
| ११६०० | १७ | १० | ६ | १ | १३ (१०४००) | १ महिला |
| १२४०० | १८ | ११ | ६ | १ | १४ (११२००) | १ खुल्ला |
| १३२०० | १९ | १२ | ६ | १ | १५ (१२०००) | १ खुल्ला |
| १४००० | २० | १२ | ७ | १ | १६ (१२८००) | १ महिला |
| १४८०० | २१ | १३ | ७ | १ | १७ (१३६००) | १ खुल्ला |
| १५६०० | २२ | १४ | ७ | १ | १८ (१४४००) | १ खुल्ला |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६४०० | २३ | १४ | ८ | १ | १९ (१५२००) | १ महिला |
| १७२०० | २४ | १५ | ८ | १ | २० (१६०००) | १ खुल्ला |
| १८००० | २५ | १६ | ८ | १ | २१ (१६८००) | १ खुल्ला |
| १८८०० | २६ | १६ | ९ | १ | २२ (१७६००) | १ महिला |
| १९६०० | २७ | १७ | ९ | १ | २३ (१८४००) | १ खुल्ला |
| २०४०० | २८ | १८ | ९ | १ | २४ (१९२००) | १ खुल्ला |
| २१२०० | २९ | १८ | १० | १ | २५ (२००००) | १ महिला |
| २२००० | ३० | १९ | १० | १ | २६ (२०८००) | १ खुल्ला |
| २२८०० | ३१ | २० | १० | १ | २७ (२१६००) | १ खुल्ला |
| २३६०० | ३२ | २० | ११ | १ | २८ (२२४००) | १ महिला |
| २४४०० | ३३ | २१ | ११ | १ | २९ (२३२००) | १ खुल्ला |

**कमिटीको निर्णय:**

- प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा कार्यरत १२०० सम्मका पार्टी सदस्यहरूका लागि कम्तीमा एक महिला र एक ४० वर्षमुनिका युवा सहित चार जना प्रतिनिधि निर्वाचित हुनेछन्।
- १२०० सदस्य संख्यामा थप ८०० सदस्य (अर्थात् २००० सदस्य) नाघेमा एक जना महिला प्रतिनिधि थप गरिनेछ। त्यसपछि, प्रत्येक ८०० सदस्य (जस्तै, २८००, ३६००, ४४००... सदस्य) नाघेमा क्रमअनुसार थप प्रतिनिधिहरु (खुला, खुला, महिलाको अनुपातमा) निर्वाचित गरिनेछन्। सोही अनुपातमा प्रतिनिधि निर्वाचित गर्नका लागि सहयोग हुने तालिका तल प्रस्तुत छ।

**नियमको सारांश:**

- आधारः  सदस्यमा ४ प्रतिनिधि (२ खुल्ला, १ महिला, १ युवा)। युवा प्रतिनिधि सधैँ १ मात्र कायम।
- पहिलो थप: २००० सदस्यमा पुग्दा १ महिला थप।
- त्यसपछिका थप: २८०० सदस्यदेखि प्रत्येक ८०० सदस्यको वृद्धिमा १ प्रतिनिधि थप (क्रमश:: खुल्ला, खुल्ला, महिला)।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org